# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१४ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोप-पत्र दायर गरिएको ।

---

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुरकी तत्कालीन उपप्रशासक (हाल व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रि.वि.मा सह-प्रशासक) पदमा कार्यरत शारदा कुमारी पौडेलले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कार्यरत रहेकाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज तत्कालीन कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुरकी उपप्रशासक (हाल व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रि.वि.मा सह-प्रशासक) शारदा कुमारी पौडेलले संस्कृत विश्वविद्यालय वाराणसी, भारतबाट प्राप्त उत्तरमध्यमा तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा प्रवेश तथा बढुवा लिई लाभ समेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता